# काठमाडौं महानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**कमलादी, काठमाडौं, वागमती प्रदेश, नेपाल**

**सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण**

(मिति २०८१।०४।०१ देखि मिति २०८१।०६।३० सम्मको विवरण)

**(१) निकायको स्वरुप र प्रकृतिः**

काठमाडौं महानगरपालिका वि.स.१९७६ मा सफाई अड्डाको नामबाट स्थापना भई विभिन्न कालखण्डमा जारी भएका कानुनबमोजिम तोकिएका कार्य जिम्मेवारीहरु पुरा गर्न विभिन्न नामको कार्यालयमार्फत अविछिन्न सेवा प्रवाह गर्दै आएकोमा वि.स. २०५२ साल मंसिर २९ गते महानगरपालिका घोषणा भएको हो । स्थानीय स्वायत्त शासन ऐन, २०५५ हुँदै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम संघीय संरचना अर्न्तगत स्थानीय सरकारको रुपमा नेपालको संघीय राजधानी काठमाडौंमा अवस्थित नेपालकै जेठो महानगरपालिका काठमाडौं महानगरपालिका हो ।

**(२) निकायको काम, कर्तव्य र अधिकारः**

यस महानगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वागमती प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

**(३) निकायमा रहने कर्मचारी विवरणः**

यस महानगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा, समुह, तह समेतको विस्तृत विवरण र महानगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भएबमोजिम काम कारवाही भइरहेको छ । उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.npमा समेत राखिएको छ ।

## (४) निकायबाट प्रदान गरिने सेवा:

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वागमती प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा काठमाडौं महानगरपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

## (५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:

यस महानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न सचिवालयहरु, समितिहरु, विभागहरु, महाशाखाहरु, शाखाहरु, ३२ वटा वडा कार्यालयहरु, आयोजना, कार्यक्रम तथा अन्य कार्यालयहरु रहेका छन् । महानगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचना अधिकारी, सहायक प्रवक्ता, विभागीय प्रमुख तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण का.म.पा.को वेबसाइट www.kathmandu.gov.np मा उल्लेख गरिएको छ ।

## (६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

यस महानगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी विवरण काठमाडौं महानगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय कानुन, नागरिक वडापत्र समेतबाट निर्धारण गरिन्छ । यस सम्बन्धी व्यवस्था काठमाडौं महानगरपलिकाको वेबसाइट www.kathmandu.gov.np मा समेत उल्लेख गरिएको छ ।

## (७) निर्णय गर्ने प्रक्रिया र अधिकारी:

यस महानगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ । महानगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, शहरी योजना आयोग, अनुगमन तथा मुल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

## (८) निर्णय उपर उजुरी सुन्ने अधिकारीः

यस महानगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि महानगरपालिकाको केन्द्रिय स्तरमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकतत्वमा तीन सदस्यीय गुनासो सुनुवाई समितिको व्यवस्था गरिएको छ ।

## (९) सम्पादन गरेको कामको विवरणः

यस महानगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा महानगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारवाहीहरु गर्दै आईरहेको छ ।

## (१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः

कार्यालय प्रमुखको नाम : सरोज गुरागाइँ

पद : प्रमुख प्रशासकीय अधिकृत

इमेल ठेगाना : ceo@kathmandu.gov.np

सम्पर्क नम्बर : ०१-४२३२८९२

सूचना अधिकारीको नाम : वसन्त आचार्य

पद : निर्देशक

सम्पर्क नम्बर : ९८५१०८७९३८

इमेल ठेगाना :rtikmc@gmail.com

: basantakmc@gmail.com

## (११) ऐन, नियम, विनियम, कार्यविधी वा निर्देशिकाको सूचीः

काठमाडौँ महानगरपालिकाले सम्बद्ध संघीय र प्रदेश कानुन बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधी, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा हाम्रो कानुन नामक होमपेजमा राखिएको छ ।

**(१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:**

यस महानगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरणहरु का.म.पा.को वेवसाइट www.kathmandu,gov.np मा राख्न् गरिएको छ । चालु आ.व. ०८१।८२ को साउन महिनाको १ गतेदेखि असोज मसान्तसम्ममा भएको आर्थिक कारोबारको विवरण यस प्रकार रहेको छ:

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८१/०६/३०

| क्र.सं. | | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|---|
| १ | | आर्थिक विकास | ७६,२५,८३,०००.०० | ११,०५,८८,७१५.२४ | १४.५ | ६५,१९,९४,२८४.७६ |
| | १ | कृषि | ३,३४,००,०००.०० | १८,९४०.०० | ०.०६ | ३,३३,८१,०६०.०० |
| | २ | उद्योग | ७,५३,८०,०००.०० | २८,९३,९३७.३४ | ३.८४ | ७,२४,८६,०६२.६६ |
| | ३ | पर्यटन | ३३,०९,२४,०००.०० | १०,२४,००,०००.०० | ३०.९४ | २२,८५,२४,०००.०० |
| | ४ | सहकारी | २,७१,००,०००.०० | ०.०० | ० | २,७१,००,०००.०० |
| | ५ | वितीय क्षेत्र | २६,६०,७९,०००.०० | ८,६३,३३७.९० | ०.३२ | २६,५२,१५,६६२.१० |
| | ६ | पशुपन्छी विकास | २,९७,००,०००.०० | ४४,१२,५००.०० | १४.८६ | २,५२,८७,५००.०० |
| २ | | सामाजिक विकास | ५,४८,८७,०६,७३३.०० | ३८,९५,०५,६४२.९६ | ७.१ | ५,०९,९२,०१,०९०.०४ |
| | १ | शिक्षा | ३,०७,३४,२१,०००.०० | २५,५६,९४,६५५.५० | ८.३२ | २,८१,७७,२६,३४४.५० |
| | २ | स्वास्थ्य | १,०९,७९,२५,५००.०० | ६,८५,४०,५८१.३४ | ६.२४ | १,०२,९३,८४,९१८.६६ |
| | ३ | खानेपानी तथा सरसफाई | ३५,१८,५७,०००.०० | ४६,१२,४८०.११ | १.३१ | ३४,७२,४४,५१९.८९ |
| | ४ | भाषा तथा संस्कृति | २७,७३,९२,०००.०० | १,१७,२५,०७९.९० | ४.२३ | २६,५६,६६,९२०.१० |
| | ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २६,२६,५९,२३३.०० | १,९९,९९,७६४.५० | ७.६१ | २४,२६,५९,४६८.५० |
| | ६ | युवा तथा खेलकुद | २६,९९,१४,०००.०० | २,५७,७१,४७०.९३ | ९.५५ | २४,४१,४२,५२९.०७ |
| | ७ | जनसंख्या तथा बसाईसराई | १०,३५,०००.०० | ०.०० | ० | १०,३५,०००.०० |
| | ८ | सामाजिक सुरक्षा तथा संरक्षण | १५,४५,०३,०००.०० | ३१,६१,६१०.६८ | २.०४ | १५,१३,४१,३८९.३२ |
| ३ | | पूर्वाधार विकास | ११,४८,२२,७०,२८२.०० | ८१,७८,६३,०२६.४८ | ७.१२ | १०,६६,४४,०७,२५५.५२ |
| | १ | यातयात पूर्वाधार | ३,६६,७२,६३,०३८.४० | १३,७७,४१,११३.६७ | ३.७६ | ३,५२,९५,२१,९२४.७३ |
| | २ | भवन, आवास तथा सहरी विकास | ४,४१,७४,०५,३८०.८० | ५०,७९,७७,१९३.०९ | ११.५ | ३,९०,९४,२८,१८७.७१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | उर्जा | ७,३०,३७,४८०.०० | २४,७२,७४०.८३ | ३.३९ | ७,०५,६४,७३९.१७ |
| ४ | संचार तथा सूचना प्रबिधि | ७,२४,०४,८६८.०० | १८,९३,०५४.५० | २.६१ | ७,०५,११,८१३.५० |
| ५ | सम्पदा पूर्वाधार | २,९१,६९,८७,८६०.०० | १४,३४,९२,६६०.१२ | ४.९२ | २,७७,३४,९५,१९९.८८ |
| ६ | बिज्ञान तथा प्रबिधि | २,२८,००,०००.०० | १०,१२,०७७.०० | ४.४४ | २,१७,८७,९२३.०० |
| ७ | पुनर्निर्माण | ३१,२३,७१,६५४.८० | २,३२,७४,१८७.२७ | ७.४५ | २८,९०,९७,४६७.५३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३,००,१८,९१,९८५.०० | १३,२९,७३,१२४.८० | ४.४३ | २,८६,८९,१८,८६०.२० |
| १ | वातावरण तथा जलवायु | १,१९,०८,२८,०००.०० | ८,१०,४४,३४४.३३ | ६.८१ | १,१०,९७,८३,६५५.६७ |
| २ | विपद व्यवस्थापन | २०,७७,००,०००.०० | २,१९,४९,८४७.०३ | १०.५७ | १८,५७,५०,१५२.९७ |
| ३ | मानब संशाधन विकास | ५,७५,५०,०००.०० | ३,८२,९७२.३८ | ०.६७ | ५,७१,६७,०२७.६२ |
| ४ | शान्ति तथा सुव्यवस्था | ६४,२०,२७,०००.०० | ३५,०७,८६५.७५ | ०.५५ | ६३,८५,१९,१३४.२५ |
| ५ | परराष्ट्र | ६०,००,०००.०० | ५,८५,५२६.०० | ९.७६ | ५४,१४,४७४.०० |
| ६ | कानुन तथा न्याय | १८,५२,८०,०००.०० | २४,६०,५१९.८० | १.३३ | १८,२८,१९,४८०.२० |
| ७ | शासन प्रणाली | ४८,१४,५०,०००.०० | १,५१,२०,९६८.२५ | ३.१४ | ४६,६३,२९,०३१.७५ |
| ८ | तथ्यांक प्रणाली | ७,९५,०००.०० | १,३५,२६४.०० | १७.०१ | ६,५९,७३६.०० |
| ९ | श्रम तथा रोजगारी | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० |
| १० | योजना तर्जुमा र कार्यन्वयन | ५७,००,०००.०० | ५,००,०००.०० | ८.७७ | ५२,००,०००.०० |
| ११ | अनुगमन तथा मूल्यांकन | ८६,६१,९८५.०० | ४,८८,४३८.२६ | ५.६४ | ८१,७३,५४६.७४ |
| १२ | प्रशासकीय सुशासन | २१,०४,००,०००.०० | ६७,९७,३७९.०० | ३.२३ | २०,३६,०२,६२१.०० |
| १३ | वित्तीय सुशासन | ४०,००,०००.०० | ०.०० | ० | ४०,००,०००.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४,१७,०८,७३,०००.०० | १,०४,६८,६१,७८१.१८ | २५.१ | ३,१२,४०,११,२१८.८२ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४,१७,०८,७३,०००.०० | १,०४,६८,६१,७८१.१८ | २५.१ | ३,१२,४०,११,२१८.८२ |
| कुल जम्मा | | २४,९०,६३,२५,०००.०० | २,४९,७७,९२,२९०.६६ | १०.०२ | २२,४०,८५,३२,७०९.३४ |

**(१३) तोकिए बमोजिमको अन्य विवरण:**

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा राखिएको छ ।

**(१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण ।**

महानगरपालिकाले हरेक आर्थिक वर्षको लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका महानगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

**(१५) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:**

काठमाडौँ महानगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरु जानकारीको लागी काठमाडौँ महानगरपालिकाको आफ्नै वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**

नेपाल सरकार, बागमती प्रदेशबाट अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विस्तृत विवरण काठमाडौँ महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१७) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगती प्रतिवेदन:**

महानगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरु आ.व.२०८१/०८२ को बजेट, नीति तथा कार्यक्रम अर्न्तगत रहेको छ । सोको प्रगति प्रतिवेदन का.म.पा. वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१८) सार्वजनिक निकायको वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी:**

यस महानगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरुको वर्गिकरण नगरेको र त्यस्ता सूचनाहरु महानगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ ।

**(१९) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:**

नेपाली नागरिक,सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले महानगरपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ । मिति २०८१।०४।०१ देखि मिति २०८१।०६।३० गतेसम्ममा ३३ जना देहायका निवेदकहरुलाई सूचना उपलब्ध गराइएको छ ।

| सि.नं. | सूचना माग गर्ने व्यक्ति | सूचनाको विषय | कैफियत |
|---|---|---|---|
| १ | दिपक विक्रम मिश्र<br>नागार्जुन-५, काठमाडौँ | का.म.पा. भित्र रहेका विभिन्न सम्पदाहरुको वर्तमान अवस्था, सुधार, | सूचना उपलब्ध गराइएको । |

| | | | |
|---|---|---|---|
| | | मर्मतसम्भार लगायतका विषय | |
| २ | अमिशा अधिकारी बिर्तामोड-५, झापा | अपाङ्गता सम्बन्धी विभिन्न तथ्याङ्क र सूचनाहरु | सूचना उपलब्ध गराइएको । |
| ३ | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | काष्ठमण्डप पुन:निर्माण सम्बन्धी समितिहरुको प्रतिवेदन सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| ४ | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | संस्थागत करदातासँग बहाल कर लिएको सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| ५ | मोनिका वाइवा शंखरापुर-४, काठमाडौँ | उज्यालो महानगर कार्यक्रमको खर्च सम्बन्धमा र हिल्टन होटल र बसेरा बुटिक होटलको नक्सापास सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| ६ | शिवसून्दर कर्माचार्य का.म.पा.-२४, काठमाडौँ | न्यूरोड फुटपाथ निर्माण सम्बन्धी निर्णयको प्रतिलिपि | सूचना उपलब्ध गराइएको । |
| ७ | विश्वनीति प्रकाशमान सिँह पाखिन का.म.पा.-२६, काठमाडौँ | का.म.पा.भित्रका सबै वडामा भवन निर्माण मापदण्ड अनुसार शहरी व्यवस्थापन विभागबाट नक्सा पास स्वीकृत नभई निर्माण भएका भवनहरुको संख्या सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| ८ | जीवन खनाल चिर्तुङधारा-७, पाल्पा | सामुदायिक विद्यालयहरुमा प्र.अ.को लागि निवेदन दिने शिक्षकहरुको विवरण सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| ९ | सविना कार्की साल्पासिलिछो-३, भोजपुर | का.म.पा. भित्रका संस्थागत विद्यालयहरुको मासिक शुल्क र छात्रवृत्ति सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| १० | पारस श्रेष्ठ चैतेश्वर गा.पा.-७, दोलखा | हिल्टन होटल र बसेरा बुटिक होटलको नक्सापास सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| ११ | मन्दिरा घिमिरे झम्सिखेल, ललितपुर | का.म.पा. प्रमुख र उपप्रमुख सचिवालयका सल्लाहकार र सदस्यहरुले प्राप्त गर्ने सेवासुविधा सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| १२ | उर्वशी घिमिरे सुर्यविनायक, भक्तपुर | बागदरबार संरक्षण, भद्रकाली परिसरको सत्तल जीर्णोद्धार, सिलखानामा सर्वोच्च अदालतको आदेश कार्यान्वयन लगायतका विषयमा | सूचना उपलब्ध गराइएको । |
| १३ | मोनिका वाइवा | उज्यालो महानगर कार्यक्रमको बारेमा | सूचना उपलब्ध गराइएको । |

| | | | |
|---|---|---|---|
| | शंखरापुर-४, काठमाडौँ | र सडकबत्ती, पोलबत्ती सम्बन्धी अध्ययन समितिको प्रतिवेदन सम्बन्धमा | |
| १४ | सागर जोशी<br>का.म.पा.-२१,<br>काठमाडौँ | का.म.पा.भित्र फोहोर व्यवस्थापनमा गैर सरकारी क्षेत्रको सहभागिता भए नभएको सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| १५ | मोनिका वाइवा<br>शंखरापुर-४, काठमाडा | ईमिरो प्लाजा प्रा.लि. र जगदम्बा हस्पिटालिटि प्रा.लि. को नक्सापास सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| १६. | मेनुका लम्साल<br>दिक्तेल रुपकोवट मझुवागढी-४, खोटाङ | आ.व.०८०/८१ मा र आ.व.०८१/८२ को श्रावण मसान्तसम्ममा का.म.पा. मा खानेपानी सम्बन्धी आएका गुनासो, अनुगमन र कारबाही सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| १७. | सागर जोशी<br>का.म.पा.-२१,<br>काठमाडौँ | महानगर प्रहरीले सडक चिया व्यापारीलाई समाई ल्याएको सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| १८. | बबिना तिमल्सिना<br>बेलकोटगढी न.पा.-०२, नुवाकोट | का.म.पा. क्षेत्रभित्र भएका आवासिय र व्यवसायिक भवन, घरधुरी र जनसंख्याको तथ्याङ्क सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| १९. | निमबहादुर बुढामगर<br>का.म.पा.-१६,<br>काठमाडौँ | सामुदायिक र संस्थागत विद्यालयहरुको सूची सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| २०. | सागर जोशी<br>का.म.पा.-२१,<br>काठमाडौँ | काष्ठमण्डप पुनःनिर्माण सम्बन्धी प्राविधिक र वित्तिय समितिको प्रतिवेदन सम्बन्धमा र शनिबारको दिन काष्ठमण्डपक्षेत्र खुला गरिएको बारे | सूचना उपलब्ध गराइएको । |
| २१ | प्रतिभा प्रधानाङ्ग<br>का.म.पा.-०१,<br>काठमाडौँ | जन्मदर्ताको कानुनी प्रक्रियाबारे सूचना माग | सूचना उपलब्ध गराइएको । |
| २२ | मेनुका लम्साल<br>दिक्तेल रुपकोवट मझुवागढी-४, खोटाङ | का.म.पा.ले सडक फुटपाथ कहिले देखी व्यापाररहित बनाउन शुरु गरेको र फुटपाथ व्यापार व्यवस्थापनको लागि भावी योजनाबारे | सूचना उपलब्ध गराइएको । |
| २३ | गिता बोगटी<br>चम्पादेवी गा.पा.-३, ओखलढुङ्गा | नक्सापास बिना निर्माण भएका भवनहरुको निर्माण सम्पन्नता प्रमाणपत्र लिन मिल्छ वा मिल्दैन र त्यस्ता भवनहरुको अभिलेखीकरण हुन्छ वा हुदैन भन्ने सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |

| | | | |
|---|---|---|---|
| २४. | सागर जोशी<br>का.म.पा.-२१,<br>काठमाडौँ | सुलभ फार्मेसी संचालन र राजपत्र प्रकाशन सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| २५. | सागर जोशी<br>का.म.पा.-२१,<br>काठमाडौँ | का.म.पा. भित्र फुटपाथमा पुरानो टाइल निकालेर नयाँ टाइल छाप्ने निर्णयको प्रतिलिपि | सूचना उपलब्ध गराइएको । |
| २६. | सागर जोशी<br>का.म.पा.-२१,<br>काठमाडौँ | अनधिकृत पार्किङ जफत, सो सम्बन्धी CCTV निगरानी र नगर प्रहरी परिचालन सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| २७. | शिजन बुढा मगर<br>लिवाङ न.पा.-६, रोलपा | बालमैत्री स्थानीय शासन सम्बन्धी का.म.पा.को नीति तथा कार्यक्रम र सो सम्बन्धी विनियोजित बजेट सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| २८. | अर्जुन धामी<br>परशुराम न.पा.-१०,<br>डडेल्धुरा | काठमाडौँ भ्यूटावर निर्माण सम्बन्धमा भएको सम्झौतापत्र सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| २९. | मोनिका वाइवा<br>शंखरापुर-४, काठमाडा | फुटपाथ निर्माण सम्बन्धी सम्झौतापत्र र अन्य विषयहरुमा | सूचना उपलब्ध गराइएको । |
| ३०. | जोखेमान बल<br>जितपुर सिमरा<br>उ.म.पा.-१, बारा | का.म.पा. र बज्र सेक्युरिटिज बीच सरसफाई सम्बन्धी जनशक्ति आउटसोर्सिङ गर्ने सम्बन्धमा भएको सम्झौतापत्र | सूचना उपलब्ध गराइएको । |
| ३१. | सागर जोशी<br>का.म.पा.-२१,<br>काठमाडौँ | का.म.पा. मा single cctv monitoring centre संचालन भए नभएको सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| ३२. | सागर जोशी<br>का.म.पा.-२१,<br>काठमाडौँ | का.म.पा.ले फार्मेसी पसल सञ्चालन गर्ने अनुमतिपत्र दिन्छ वा दिदैन र नवीकरण नभएका फार्मेसी पसललाई अनुगमन र कारबाही गर्छ वा गर्दैन भन्ने सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| ३३. | सागर जोशी<br>का.म.पा.-२१,<br>काठमाडौँ | सांसद् रेखा कुमारी शर्माको घरबाट बाल मजदुर उद्दार गरिएको र का.म.पा.ले बाल मजदुर राख्ने सांसद् उपर  कानुनी कारबाहीको लागि कतै उजुरी गरे नगरेको सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |

**२०) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण :**

महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण काठमाडौँ

महानगरपालिकाको वेबसाइट धधधापबतजक्तबलमगानयखालउ राख्ने गरिएको छ । मेट्रो एफ.एम., काठमाडौँ महानगरपालिकाको बुलेटिन र नेपाल टेलिभिजनमा हाम्रो काठमाडौँ र नेपाल मण्डल कार्यक्रम मार्फत समेत महानगरपालिका सम्बन्धी सूचना, तथ्याङ्क र गतिविधिहरु सार्वजनिक भैरहेका छन् ।